विहादी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या ०७५/७६

**निशुल्क स्वास्थ्य सेवाको लागि औषधी खरिद सम्बन्धि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना।**

प्रथम पटक प्रकासित मिति : २०७५/११/३०

यस विहादी गाउँपालिका, वहाकीठांटी, पर्वतका लागि आ.व. २०७५/७६ का लागि आवश्यक पर्ने औषधि तथा औषधिजन्य पदार्थ सिलवन्दी दरभाउपत्रका माध्यमबाट खरिद गरि आपूर्ति गर्नुपर्ने भएकाले इच्छुक औषधी खरिद विक्रीसम्बन्धी इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनि, व्यवसायी तथा संस्थाहरुले निम्न शर्तको अधिनमा रही बोलपत्र फाराम खरिद गरि सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल:

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समयमा यस कार्यालयबाट दरभाउपत्र फाराम शुल्क रु १,०००/- (अक्षेरुपि रुपैया एक हजार मात्र फिर्ता नहुने गरि) तिरी आ.व. २०७५।७६ का लागि नवीकरण गरेको औषधी व्यावसाय दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि दर्ता प्रमाण पत्र र आ.व. २०७४।७५ सम्मको कर चुक्ता प्रमाणपत्र, नागरिकताको छायाँप्रति र रु. १० को टिकट टास गरिएको निवेदन पेश गरेपछि दरभाउपत्र उपलब्ध गराइने छ।

२. दरभाउपत्र फाराम पत्रसाथ कवोल गरेको रकम तल उल्लेख भएबमोजिम नघटाई धरौटी वापतको जमानत रकम यस विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत को प्रभुबैंक, विहादी शाखा, भुसालचोक पर्वतमा रहेको ग-३ धरौटी खाता नं. १७२००२०१११४९८४६००००४ मा जम्मा गरेको सक्कली भौचर पेश गर्नुपर्नेछ। वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट १२० (एक सय बिस) दिनको मान्य अवधि हुने गरि जारि गरिएको बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नुपर्ने छ।

३. टिपेक्स लगाएको दरभाउपत्र मान्य हुने छैन।

४. दरभाउपत्रदाताले दरभाउपत्र फाराममा दररेट उल्लेख गर्दा मु.अ. कर बाहेकको रकम उल्लेख गर्नुपर्नेछ।

५. दरभाउपत्र राखेको खाममा लाहाछाप लगाई खामको बाहिरपट्टि "विहादी गाउँ कार्यपालिकाको कार्यालय, वहाकीठाँटी, पर्वत" को नाम सम्बोधन गरि "विहादी गाउँ कार्यपालिकाको कार्यालय, वहाकीठाँटी, पर्वतका लागि औसधि तथा औषधीजन्य पदार्थ आपूर्ति गर्ने सम्बन्धि कार्य गर्ने बारेको दरभाउ फारम" भनि उल्लेख गर्नुपर्ने छ।

६. दरभाउपत्र फाराम दाखिला गर्नुपर्ने स्थान : विहादी गाउँ कार्यपालिकाको कार्यालय, वहाकीठाँटी, पर्वत।

७. दरभाउपत्र फाराम दाखिला गर्नुपर्ने अन्तिम मिति ; सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२:०० बजे भित्र।

८. दरभाउपत्र फाराम खोलिने मिति : सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १:०० बजे कार्यालय प्रतिनिधि र दरभाउपत्र वाला वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र वाला वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

९. दरभाउपत्र फाराम खोलिने स्थान : विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वहाकीठाँटी, पर्वत।

१०. दरभाउपत्र फाराम खरिद गर्ने, दाखिला गर्ने तथा खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा माथि उल्लिखित समयमा सो को भोलिपल्ट।

११. घटिवाला वा बढीवालाको दरभाउपत्र फारम स्वीकृत गर्ने, नगर्ने अथवा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालमा सुरक्षित रहने छ।

१२. औषधी खरिद गर्दा स्टोर दाखिला हुने समयमा अठार (१८) महिना भन्दा कम अवधि Expire Date हुनु हुदैन।

१३. WHO-GMP सर्टिफाइड प्राप्त कम्पनीहरुबाट उत्पादन भएको गुणस्तरीय औसधि मात्र हुनुपर्ने छ।

१४. सप्प्लाई हुने औसधिको प्रत्येक पत्ता (Strip), बोतल, भाइल, ट्युब, र सो को प्याकिङ्गमा समेत उत्पादन मिति, Expiry मिति, ब्याच नम्बर, तथा "नेपाल सरकार द्वारा निशुल्क वितरणका लागि" भन्ने बाक्यांश अनिबार्य रुपमा लेख्नु पर्नेछ।

१५. ठेक्का सम्झौता भएपछि ठेक्का अवधिभर कुनै पनि मूल्यवृद्धि दिइने छैन।

१६. नियमानुसार ठेक्का सम्झौता भएपछी मात्र अन्य दरभाउपत्र दाताहलाई धरौटी फिर्ता दिइने छ।

१७. अंक र अक्षरमा लेखिएको दररेटको व्यहोरा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दीइने छ।

१८. एक व्यक्ति वा फर्मलाई एकभन्दा बढी दरभाउपत्र खरिद गरि समाबेश गर्न दिइने छैन।

१९. यस सुचनामा परेका कुरा यसै सूचना बमोजिम हुनेछ भने यस सुचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र नेपालको कानुन बमोजिम हुनेछ।

| क्र.सं. | ठेक्का नम्बर | ठेक्काको विवरण | स्वीकृत लागत अनुमान (मु.अ. कर समेत) | धरौटी रकम | धरौटी खाता नं |
|---|---|---|---|---|---|
| १. | BRM/G/SQ/PAR ०७ /०७५।७६ | औषधीतथा औषधीजन्य पदार्थ खरिद | ९,५९,९९९।२० | २५,०००/- | ग-३ १७२००२०१११४९८४६००००४ |

ऋषिराम पन्थी

प्रमुख प्रशासकीय अधिकृत

ऋषिराम पन्थी

प्रमुख प्रशासकीय अधिकृत